कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश लेखा नियन्त्रक कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

फोन नं. ०८३-५२४४७४
फ्याक्सः- ०८३-५२४४७४
Email:-
pfcokarnali123@gmail.com

पत्र संख्याः-२०८०/८१
चलानी नं. ६२

मिति-२०८०/०६/१६

विषयः प्रदेश सरकारको हिसाव भिडान सम्वन्धमा ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय सुर्खेत,
(विनियोजन शाखा)
श्री प्रदेश लेखा इकाई कार्यालय,
दैलेख,जाजरकोट,सल्यान,रुकुम,डोल्पा,कालिकोट,जुम्ला,मुगु र हुम्ला

प्रस्तुत विषयमा कर्णाली प्रदेश सरकार अन्तर्गत जिल्लास्थित प्रदेश लेखा इकाईहरुबाट आ.व.२०७९/८० मा भएको विनियोजन,राजश्व आम्दानी,धरौटी तथा विविध कोषको निकासा, खर्च र आम्दानीको वार्षिक हिसाव भिडान गर्ने प्रयोजनार्थ जिल्लागत कार्यतालिका निर्धारण गरीएको छ,सोही बमोजिम यसै पत्रसाथ सलंग्न आवश्यक कागजात तथा विद्युतिय कपी (Soft Copy) लिई वार्षिक हिसाव भिडान गर्नुहुन अनुरोध छ।

पुनश्च- नियमानुसारको भ्रमण खर्च कार्यालयको १ जना कर्मचारीलाई यस कार्यालयबाट उपलब्ध गराइनेछ ।

..........................
(मान बहादुर बम)
प्रदेश लेखा नियन्त्रक
मान बहादुर बम
प्रदेश लेखा नियन्त्रक

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
**प्रदेश लेखा नियन्त्रक कार्यालय**
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

फोन नं. ०८३-५२४४७४
फ्याक्सः- ०८३-५२४४७४
Email:-
pfcokarnali123@gmail.com

पत्र संख्याः-२०८०/८१
चलानी नं. ६२

मितिः-२०८०/०६/१६

१. <u>आर्थिक विवरण प्रमाणित तयार गर्दा ध्यान दिनुपर्ने विषय</u>

(क) विनियोजन

- चेकको मान्य अवधि भन्दा अगाडि अस्वीकृत (Reject) भएका EFT तथा भुक्तानी नभई फिर्ता भएका चेक रकम प्रत्येक बजेट उपशीर्षकमा खर्च घटाई कार्यालयका आर्थिक विवरण प्रमाणित गर्ने।
- आर्थिक विवरण प्रमाणित गर्दा अनिवर्यरुपमा CGAS बाट तयार गरिएको आर्थिक विवरण मात्र प्रमाणित गर्ने।
- वैदेशिक श्रोत समावेश भएको बजेट उपशीर्षकमा वैदेशिक श्रोतसमेत उल्लेख गरीम.ले.प.फा.नं. २१४ को ढाँचामा खर्च शीर्षक र स्रोत खुल्ने गरी बजेट उपशीर्षक अनुसारको आर्थिक विवरण प्रमाणित गर्ने। तर, लेखापरीक्षण गर्ने प्रयोजनको लागि क्रियाकलाप रुपमा आधारित (Activities Based) आर्थिक विवरण समेत कार्यालयहरूलाई तयार गर्न लगाउने,
- आर्थिक विवरण प्रमाणित गर्दा आर्थिक विवरणहरू संशोधन नहुने गरी प्रमाणित गर्ने। विशेष कारणवश एक पटक प्रमाणित गरेको आर्थिक विवरण फरक परेमा प्रथम संशोधित, दोस्रो संशोधित जस्ता विषय उल्लेख गरी कारण र मिति समेत खुलाई पुनः प्रमाणित गर्ने र सबै निकायहरूमा सोही अनुसारको संशोधित विवरण पठाउने । तर यस कार्यालयमा वित्तीय विवरण पेस गरेपश्चात् यस कार्यालयको अनुमति लिएर मात्र आर्थिक विवरण संशोधन गर्ने।
- कार्यालयद्वारा तयार गरी पेस भएका आर्थिक विवरण प्रमाणितगर्दा TSA प्रणालीको खर्च तथा निकासा विवरणसँग शीर्षकगत तथा स्रोतगत रूपमा र वार्षिक बजेटखर्च र निकासा विवरण भिडे नभिडेको यकिन गरी प्रमाणित गर्ने ।
- बजेटमा समावेश भएको सोझै भुक्तानी र वस्तुगत सहायताका खर्चका विवरणहरू CGAS मार्फत भुक्तानी आदेश प्राप्त गरी TSA प्रणालीमा खर्च जनाउने। अख्तियारी प्राप्त भएको तर खर्च नभएको सोझै भुक्तानी तथा वस्तुगत सहायताको आर्थिक विवरणहरूको हकमा खर्च महलमा शून्य रकम उल्लेख गरी प्रमाणित गर्ने।
- सोधभर्ना हुनेगरी भएको खर्च समयमा सोधभर्ना माग नगरिएको कारण ठूलो रकम सोधभर्ना हुन बाँकी रहेकोले लेखापरीक्षण गर्दा सोधभर्ना माग गर्ने निकायले समयमा सोधभर्ना माग गरे नगरेको विषय यकिन गर्ने।

(ख) राजस्व

- आर्थिक विवरण प्रमाणित गर्दा RMIS का आधारमा स्वीकृत म.ले.प.फा.नं ११० ढाँचामा गर्ने।
- गत वर्षको नगद मौज्दात पूरा रकम सम्बन्धित राजस्व शीर्षकमा जम्मा हुनुपर्ने भएकोले जम्मा भए नभएको यकिन गर्ने र आर्थिक विवरणमा सोही किसिमको विवरण उल्लेख गरी प्रमाणित गर्ने। गत आर्थिक वर्षको नगद मौज्दात दाखिला नै नगरेको, दाखिला गर्दा पनि घटी दाखिला गरेको, समयमा नै दाखिला नगरेको, नगद मौज्दात सम्बन्धित राजस्व शीर्षकमा दाखिला हुनुपर्नेमा अन्य शीर्षकमा दाखिला गरेको, नगद मौज्दात चालु आर्थिक वर्षको राजस्व रकमसँग मिसाई एकमुष्ट दाखिला गरेको आदि समस्याहरू विगतमा देखिएकोले यी विषयहरूलाई ध्यानमा राखि रुजु गर्ने।

मान बहादुर बम
प्रदेश लेखा नियन्त्रक

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
**प्रदेश लेखा नियन्त्रक कार्यालय**
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

फोन नं. ०८३-५२४४७४
फ्याक्सः- ०८३-५२४४७४
Email:-
pfcokarnali123@gmail.com

पत्र संख्याः-२०८०/८१
चलानी नं. ६२

मिति-२०८०/०६/१६

- असम्बन्धित शीर्षकहरूमा राजस्व आम्दानी बाँधी आर्थिक विवरण तयार हुने गरेकोले सम्बन्धित कार्यालयको कामसँग सम्बन्धित नभएका राजस्व शीर्षकमा जम्मा भएको राजस्व रकम सोही कार्यालयको अन्य शिर्षकको हो वा अन्य कुनै कार्यालयको हो यकिन गरेर मात्र आर्थिक विवरण प्रमाणित गर्ने।

(ग) धरौटी / कार्यसंचालन कोष / अन्य कोष

- धरौटीको आर्थिक विवरण प्रमाणित गर्दा CGAS बाट तयार गरिएको स्वीकृत म.ले.प.फा.नं को ढाँचामा गर्ने।
- गत आर्थिक वर्षको अन्तिम मौज्दात र यस आर्थिक वर्ष शुरु मौज्दात अनिवार्य रुपमा एउटै हुनुपर्ने भएकोले सो भए नभएको यकिन गरेर मात्र आर्थिक विवरण प्रमाणित गर्ने। कुनै कार्यालय खारेज भएको वा अन्यत्रै स्थानान्तरण भएको वा अन्य कुनै कारणले एक कार्यालयको अन्तिम मौज्दात रकम अर्को कार्यालयको शुरु मौज्दातमा कायम गरिएको अवस्थामा आर्थिक विवरण प्रमाणित गर्दा कैफियत उल्लेख गरी आर्थिक विवरण प्रमाणित गर्ने।
- TSA मा धरौटी खर्चतर्फ सदर स्याहा, फिर्ता र अन्य फिर्ता स्पष्ट रुपमा नछुट्टिएकोले TSA मा भएको जम्मा खर्चसँग भिड्ने गरी CGSA बाट तयार भएको आर्थिक विवरण र आन्तरिक लेखापरीक्षणबाट प्राप्त विवरणलाई आधार मानेर आर्थिक विवरण प्रमाणित गर्ने।
- TSA मा कार्यसंचालन कोषको खर्चतर्फ भुक्तानी खर्च, फिर्ता खर्च आदि स्पष्ट रुपमा नछुट्टिएकोले TSA मा भएको जम्मा खर्चसँग भिड्ने गरी CGSA बाट तयार भएको आर्थिक विवरण र आन्तरिक लेखापरीक्षणबाट प्राप्त विवरणलाई आधार मानेर आर्थिक विवरण प्रमाणित गर्ने।
- कार्यसंचालन कोष तथा अन्य कोषहरुमा विगत लामो समय देखि प्रयोजन नखुलेका रकम रहेको हुनसक्ने भएकोले लेखापरीक्षणको क्रममा त्यस्तो रकम रहे नरहेको गम्भिरतापूर्वक हेर्ने व्यवस्था मिलाउने र प्रयोजन पनि पत्ता नलागेको तथा फिर्ता गर्नुपर्ने निकाय पनि पहिचान गर्न नसकेको रकम अन्य राजस्व शीर्षकममा राजस्व दाखिला गर्ने र गर्न लगाउने।

२. <u>आन्तरिक लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन गर्ने</u>

- जिल्ला भित्रका सरकारी कार्यालयहरूको विनियोजन, राजस्व, धरौटी र अन्य सरकारी कारोबारको कानुन बमोजिम निर्धारित मिति भित्र आन्तरिक लेखापरीक्षण सम्पन्न गरी TSA प्रणालीमा अनिवार्य रुपमा प्रविष्टि गर्ने।

३. <u>सम्पत्ति तथा दायित्व सम्बन्धी</u>

- खर्च भएर जाने र खर्च भएर नजाने जिन्सी खाताको गत आ.ब.को अल्या, यस आ.ब. को आम्दानी, खर्च र बाँकी रकम कार्यालयगत जिन्सी मौज्दातको वार्षिक विवरण प्रदेश लेखा इकाई कार्यालयबाट प्रमाणित गर्ने ।

मान बहादुर बम
प्रदेश लेखा नियन्त्रक

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
**प्रदेश लेखा नियन्त्रक कार्यालय**
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

फोन नं. ०८३-५२४४७४
फ्याक्सः- ०८३-५२४४७४
Email:-
pfcokarnali123@gmail.com

पत्र संख्याः-२०८०/८१
चलानी नं. ६८

मिति-२०८०/०६/१६

- प्रमाणित कार्यालयगत जिन्सी मौज्दातको वार्षिक विवरणमा रहेको जिन्सी सामानको परिमाण र जम्मा मूल्य PAMS मा रहेको कार्यालयगत जिन्सी मौज्दातको वार्षिक विवरणमा रहेको जिन्सी सामानको परिमाण र जम्मा मूल्य एक एक गरी रुजु गर्ने।

**४.बैंक स्टेटमेन्ट र बैंक हिसाव समायोजन विवरण**

प्रदेश लेखा इकाई कार्यलयको नाममा वा अन्य कार्यालयको नाममा रहेका सबै खाताको सक्कल बैंक स्टेटमेन्ट माग गर्ने बैक स्टेटमेन्टमा विनियोजन तर्फको आषाढ मसान्तसम्मको खर्च र चेकसाटन बाकीको खर्च Day Close को रकम सँग भिडान भएको हुनुपर्नेछ । धरौटी र विविध तर्फको आषाढ मसान्तसम्मको मौज्दात र श्रावण महिनामा साटेको चेकको खर्च रकम स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गरी पेश गर्नुपर्नेछ । श्रेस्ता अनुसारको मौज्दात र बैंक मौज्दात फरक परेको अवस्थामा बैंक हिसाव समायोजन फारम पनि बैंक स्टेटमेन्ट सँगै पेश गर्ने।

**५. FMIS मा हिसाव भिडान**

FMIS को हिसाव भिडान परीक्षणमा हिसाव भिडान चेक लिष्ट बमोजिमका विवरणहरु अनिवार्य रुपमा भिडान भई ठिक चिन्ह (√) देखिएपछी खाताको विवरण र सम्वन्धीत बैकको सरकारी कारोबार खुलेको पत्र प्रविष्टि तथा अपलोड गरी हिसाव भिडानका लागि पेश गर्ने ।

१.जिल्लागत कार्यतालिका-

| सि.नं. | कार्यालयको नाम | हिसाव भिडान हुने मिति |
|---|---|---|
| १ | प्रदेश लेखा इकाई कार्यालय,दैलेख | २०८०/०६/२१ |
| २ | प्रदेश लेखा इकाई कार्यालय,जाजरकोट | |
| ३ | प्रदेश लेखा इकाई कार्यालय,सल्यान | |
| ४ | प्रदेश लेखा इकाई कार्यालय,रुकुम | |
| ५ | प्रदेश लेखा इकाई कार्यालय,कालिकोट | |
| ६ | प्रदेश लेखा इकाई कार्यालय,जुम्ला | २०८०/०६/२२ |
| ७ | प्रदेश लेखा इकाई कार्यालय,मुगु | |
| ८ | प्रदेश लेखा इकाई कार्यालय,डोल्पा | |
| ९ | प्रदेश लेखा इकाई कार्यालय,हुम्ला | |
| १० | प्रदेश लेखा इकाई कार्यालय,सुर्खेत | |

२.पेश गर्नुपर्ने कागजातहरु-

| A.विनियोजन तर्फ | | |
|---|---|---|
| सि.नं. | विवरण | कैफियत |
| १ | जिल्ला स्थित सम्पुर्ण कार्यालयको चालु पुजिगत तर्फको प्रमाणीत आर्थिक विवरण र लेखापरीक्षण प्रतिवेदन | |

मान बहादुर बम
प्रदेश लेखा नियन्त्रक

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
**प्रदेश लेखा नियन्त्रक कार्यालय**
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

फोन नं. ०८३-५२४४७४
फ्याक्सः- ०८३-५२४४७४
Email:-
pfcokarnali123@gmail.com

पत्र संख्याः-२०८०/८१
चलानी नं. ६०२

मिति-२०८०/०६/१६

| | | |
|---|---|---|
| २ | भुक्तानी दिन बाकी विवरण म.ले.प.फा.नं.२१८ | |
| ३ | बैंकको Cover Letter मा विनियोजन तर्फको कारोवारको अंक र अक्षर दुवैमा लेखिएको छाप र हस्ताक्षर सहितको पत्र | |
| ४ | अनुसुची-३४ (आलेप बेरुजु, पेश्की र भुक्तानी बाँकी प्रविष्ट गरी) | |
| ५ | भुक्तानी हुन बाकी चेकको प्रमाणित विवरण | |
| B.राजश्व तर्फ | | |
| १ | राजश्व कारोवार भएका कार्यालयहरुको प्रमाणित आर्थिक विवरण र लेखा परीक्षण प्रतिवेदन | |
| २ | बैंकको Cover Letter मा राजशव तर्फको कारोवारको अंक र अक्षर दुवैमा लेखिएको छाप र हस्ताक्षर सहितको पत्र | |
| ३ | शिर्षकगत र कार्यालगत राजश्व अनुसुचीहरु ११.८,११.९,११.१०,११.११ | |
| C.धरौटी तर्फ | | |
| १ | धरौटी कारोवार भएका कार्यालयहरुको प्रमाणीत आर्थिक विवरण र लेखापरीक्षण प्रतिवेदन | |
| २ | बैंकको Cover Letter मा धरौटी तर्फको कारोवारको अंक र अक्षर दुवैमा लेखिएको छाप र हस्ताक्षर सहितको पत्र | |
| ३ | एकिकृत धरौटी प्रतिवेदन | |
| ४ | भुक्तानी हुन बाकी चेकको प्रमाणित विवरण | |
| D.विविध कोष तर्फ | | |
| १ | विविध कारोवार भएका कार्यालयहरुको प्रमाणीत आर्थिक विवरण र लेखापरीक्षण प्रतिवेदन | |
| २ | बैंकको Cover Letter मा धरौटी तर्फको कारोवारको अंक र अक्षर दुवैमा लेखिएको छाप र हस्ताक्षर सहितको पत्र | |
| ३ | स.का. विवरण | |
| ४ | भुक्तानी हुन बाकी चेकको प्रमाणित विवरण | |

मान बहादुर बम
प्रदेश लेखा नियन्त्रक